**कोहलपुर नगरपालिका नगर कार्यपालिकाको चालू आ.व. २०७५/०७६ का लागि स्वीकृत आर्थिक विकास तर्फ अर्न्तगत लक्षित समूहको लागि आयआर्जन कार्यक्रम कार्यान्वयन गर्न साझेदार संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)**

**१. कार्यक्रमको पृष्ठभूमी :** नेपालको संविधान २०७२ को मर्म र भावना तथा संविधानले तोकेका निर्देशक सिद्धान्त र नीति तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे वमोजिम कोहलपुर नगरपालिका क्षेत्रमा बसोबास गर्ने लक्षितवर्ग विपन्न समुदायका महिलाहरुको आयआर्जन,सिपविकास लगाएत व्यावसायिक क्षेत्रमा क्षमता अभिवृद्धि गरी उनीहरुको आयआर्जन र स्वरोजगारमा पहुँच पुर्‍याइ सामाजिक आर्थिक विकासको मूल प्रवाहमा समाहित गराउन यो कार्यक्रम संचालन गरिने छ । आ.व. : ०७५/०७६ को नगर सभाबाट स्वीकृत कार्यक्रमहरु स्थानीय गैर सरकारी संस्था तथा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन गर्नुपर्ने भएकोले कार्यक्रम संचालन गर्नका सबै चरणहरु पुरा गरी कार्यक्रम कार्यान्वयन गर्न सक्ने अनुभवी, योग्य तथा क्षमता भएका सेवा प्रदायक संस्थाहरु छनौटको लागी यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

**सेवा प्रदायक संस्थाको संस्थागत योग्यता तथा ज्ञान सिपको विवरण :**

- प्रस्ताव पेश गर्न आव्हान गरीएको सूचना वमोजिम योग्य भएको ।
- सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको ।
- प्रस्तावित कार्य गर्न आवश्यक पर्ने भौतिक सुविधा, जनशक्ति र उपकरण भएको ।
- आर्थिक रुपले सक्षम रहेको ।
- यस भन्दा पहिले यस्तै प्रकृतिका कामहरु गरेको ।
- यस नगरपालिकामा संस्था वा आफ्नो व्यवसाय दर्ता गरेको ।

**२. कार्यक्रमको उद्देश्य** : यस कार्यक्रमको उद्धेश्य सामाजिक तथा आर्थिक रुपले पिछडिएका अति विपन्न गरिवीको रेखामुनी रहेका लक्षितवर्गहरु महिलाहरुको सिपविकास,आयआर्जन तथा जिविकोपार्जनमा सुधार गर्ने ।

**३. कार्यक्षेत्र :** कोहलपुर नगरपालिका वडा नं.०१ देखि १५ सम्म ।

**४. सेवा प्रदायक संस्थाले अनिवार्य पालन गर्नुपर्ने कुराहरु :**

**(क) प्रारम्भिक सर्वेक्षण** : कार्यक्रम संचालन गर्नुपूर्व कार्यक्षेत्र भित्रका लक्षिग बर्ग पहिचानका लागी आधारभूत सर्वेक्षण गर्ने विधि, सहभागी संख्या, कार्य अवधि लगायतका विषयहरु ।

**(ख) विषयगत समिति,नगर कार्यपालिका,वडा अध्यक्ष र वडा कार्यालय संगको समन्वय** : यस कार्यक्रमको प्रारम्भिक चरण देखि सार्वजनिक परीक्षण तथा अनुगमन सुपरिवेक्षण गर्ने अवधी सम्म आर्थिक विकास समिति, नगरकार्यपालिकाको कार्यालय, कार्यक्रम संचालन हुने सम्बन्धित वडाका वडा अध्यक्ष तथा वडा कार्यालय संगको समन्वय तथा सल्लाह सुझाव अनुसार कार्यक्रम संचालन गनुपर्ने ।

**(ग) लाभान्वित परिवार तथा सहभागि छनौट प्रक्रिया :**

- कार्यक्रमको लक्ष्य उदेश्य अनुसार छनौट गर्नुपर्ने लाभान्वित परिवार तथा सहभागिको छनौट सम्बन्धित वडा कार्यालयको शिफारिस तथा आर्थिक विकास समितिको समन्वयमा गर्नुपर्ने छ । यदि सम्बन्धित वडा

कार्यालयले लक्ष्य अनुसारको परिवार तथा सहभागीको संख्या छनौट गर्न नसकेमा आर्थिक विकास समितिको शिफारिसमा अर्को वडाबाट लक्ष्य अनुसारको सहभागि तथा परिवार छनौट गर्नुपर्ने छ ।

- छनौट भएका लाभान्वित परिवार तथा सहभागिहरुको सम्बन्ति वडा कार्यालयको शिफारिस सहित नागरिक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलीपी कार्यक्रम शुरुवात गर्नुपुर्व अनिवार्य रुपमा आर्थिक समिति तथा आर्थिक विकास शाखामा पेश गर्नुपर्ने छ ।

**५. सूचनामा उल्लेखित शर्तहरु तथा सो सम्बन्धि पेश भएका कागजातहरुका अतिरिक्त देहायका विषयहरु**

(क) जनशक्तिको भरपर्दो व्यवस्था स्पष्ट रुपमा खुलेको हुनुपर्ने

**(ख) आबश्यक न्युनतम योग्यता** : १) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १०+२ तथा प्रविणता प्रमाण पत्र उर्त्तिण गरी सामाजिक परिचालन तथा तालिम क्षेत्रमा अनुभव प्राप्त गरेको ।

**६.प्रस्तावको ढाँचा :**

**क) प्राविधिक प्रस्ताव :**

तल उल्लेख गरिएका विषयहरुका बारेमा विवरण पेश गर्नुहोला ।

क. संस्थाको पृष्ठभूमि :

ख. संस्थाको उद्देश्य, नीति तथा कार्यअनुभव

ग. यस कार्यक्रमका बारेमा संस्थाको धारणा :

घ. कार्यक्रमको लक्ष्य उदेश्यहरु

ङ. सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु :

च. कार्यक्रम संचालन विधि पद्धति र प्रक्रिया :

छ. कार्यक्रमको अपेक्षित उपलब्धीहरु

ज. कार्यक्रम कार्यान्वयनको कार्यतालिका :

झ. मुल्यांकन अनुगमन तथा सुपरिवेक्षण

ञ. कार्यक्रमको दिगोपना

ट. विज्ञ/प्रशिक्षकको विवरण,योग्यता र अनुभव :

ठ. संस्थाको विद्यमान जनशक्तिको विवरण, योग्यता र अनुभव :

ड. सस्थाको आफ्नो भौतिक पुर्वाधारको अवस्था :

(कार्यालय भवन, फर्निचर कम्प्युटर, सवारी साधान इत्यादि )

ख) वित्तिय प्रस्ताव :

वित्तीय प्रस्तावको ढाँचा

| सि.न. | विवरण | कोहलपुर नगरपालिकाले ब्यहोर्ने लागत रकम ( मू..अ.कर बाहेक ) | | संस्थाले योगदान दिने लागत रकम | |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| | उप जम्मा | | | | |
| | मुल्य अभिबृद्धि कर १३ प्रतिशत | | | | |
| | कुल जम्मा | | | | |

**७. प्रस्ताव मूल्यांकन गर्ने तरिका** : प्राप्त भएका प्रस्ताहरुको मूल्याङ्कन प्राविधिक तथा आर्थिक प्रस्तावनाको आधारमा गरिनेछ ।

**८. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- TOR मा संलग्न विवरणहरु र सो लाई पुष्ट्याई गर्ने प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
- सूचनामा उल्लेखित विषयहरु र TOR मा उल्लेख भएका शर्तहरु र कालो सूचीमा नपरेको स्वघोषणापत्र छनौटको प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अंक दिइने छैन र यस्तो शर्त पूरा नभएको आशयपत्र माथि पनि कुनै कारवाही हुने छैन

**९.आवश्यक काँगजातहरु :**

१) जिल्ला स्थित सरकारी निकाय,कम्पनी तथा यस नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण भएको (२) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको (३) क्षेत्रगत कार्यको अनुभव भएको (४) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको (५) नियमानुसार वार्षिक नविकरण गरेको (६) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको प्रतिवेदन (७) आ.व.:-२०७४।०७५ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलीपी (कर चुक्ता गर्नु नपर्ने संस्थाले विवरण पेश गरेको प्रतीलीपी( (८) नगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको (९) आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको, (१०) स्थानीय निकायमा काम गरेको अनुभव (११) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष वा संचालक स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको (१२) कार्यक्षेत्रगत शर्त ToR नगरपालिकाको वेवसाईटबाट सोझै डाउनलोड गर्न सकिने छ र प्रस्ताव सो का आधारमा तयार गरेको हुनुपर्नेछ (१३) प्रकाशित भएको सूचना तथा कार्यक्षेत्रगत शर्त

**ToR** मा उल्लेख भएका विषयको अधिनमा रही साझेदारीमा (Joint Venture) मा कामगर्न चाहेमा बढिमा २ वटा संस्थाहरु मिलेर प्रस्ताव पेश गर्न सक्नेछन तर कुन संस्थाले नेतृत्व गर्ने हो सो व्यहोरा साझेदार गर्ने संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई अध्यक्षले दस्तखत गरी छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ (१४) यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन तथा आर्थिक प्रशासन नियमावली बमोजिम हुनेछ (१५) एउटा प्रस्तावदाताले माथि उल्लेखित क्लष्टहरु मध्ये कुनै एक वटा क्षेत्रमा मात्र प्रस्ताव पेश गर्न सक्नेछन् । (जस्तै : डल,कुशन तथा गुडिया निर्माण तालिम एउटा क्षेत्र हो ),साथै प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ । प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खामवन्दी गरी एकैसाथ खामवन्दी गरी पेश गर्नुपर्नेछ । (१६) प्रस्तावदाताहरुले नगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ । सो अनुसार प्रस्ताव बुझाउने अन्तिम मिति २०७६ बैशाख ०७ गते दिउसो ४ :०० बजे, (१७) सवै आवेदकहरुलाई छनौट प्रकृयाको नतिजाको सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ (१८) दर्ता भएका सवै प्रस्ताव २०७६ बैशाख ०८ गते प्रस्तावकको रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन, (१९) छनौटमा परेका संस्थाहरुसंग कार्यक्रम संचालन सम्बन्धि सम्झौता गर्दा स्रोतको अवस्थालाई मध्यनजर गरी गर्न सकिने अधिकार कोहलपुर नगरपालिका संग सुरक्षित रहनेछ । (२०) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटीमा पनि हेर्न सकिनेछ । **थप जानकारीका लागि** कोहलपुर नगरपालिका कार्यालयको वेवसाईट : www.kohalpurmun.gov.np हेर्न तथा नगर कार्यपालिकाको कार्यालबाट समेत बुझ्न सकिने छ ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल